स्थानः नगरपालिकाको सभाहल

समयः विहान ८.००

आज मिति २०७८/१/३ गतेका दिन सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्री कमल प्रसाद भुसालको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

कार्यपालिका बैठक नम्बरः ४३ (२०७७/०७८-१०)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाल भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क | |
| ३. | सदस्य का.वा. अध्यक्ष | श्री ~~युवराज वज्राडे~~ आइता परियार | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिलाराम गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री इश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मी नारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्व राज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क | |
| २३. | सदस्य-सचिव | श्री कृष्णप्रसाद सापकोटा | |

मिति:२०७८/१/३ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय न. १

- आगामी आ.व.२०७८/०७९ को योजना तथा बजेट निर्माण कार्य तालिकाको प्रस्ताव बैठकमा पेस भएको तपसिल बमोजिमको कार्यतालिका स्वीकृत गर्ने ।

| सन्धिखर्क नगरपालिका | | | |
|---|---|---|---|
| **आर्थिक वर्ष २०७८/७९ को बजेट तर्जुमा कार्य तालिका** | | | |
| सि. नं | क्रियाकलाप | मिति | मुख्य जिम्मेवारी |
| १ | कार्यपालिकाको बैठक र नीतिगत मार्गदर्शन | २०७८/१/३ | प्रप्रअ |
| २ | विषयगत समितिको बैठक र नीतिगत पृष्टपोषण | २०७८/०१/४ देखि १० | सदस्य-सचिव |
| ३ | राजश्व परामर्श समितिको बैठक र अन्तिम प्रतिवेदन | २०७८/०१/३ देखि १० सम्म | राजस्व शाखा |
| ४ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक र बजेटको सीमा निर्धारण । | २०७८/०१/४ देखि १० सम्म | योजना/प्राविधक शाखा प्रमुख |
| ५ | कार्यपालिका बैठकबाट सिलिङ्ग र मार्गदर्शन अनुमोदन | २०७८/०१/१२ | प्रप्रअ |
| ६ | पूर्व बजेट छलफल कार्यक्रम (सरोकारवालाहरुसँग) | २०७८/०१/१३ सम्म | योजना शाखा |
| ७ | वडा समिति र शाखालाई बजेट सीमा र बजेट तर्जुमा मार्ग निर्देशन पठाउने । | २०७८/१/१५ सम्म | योजना र प्रशासन शाखा |
| ८ | वडागत बजेट निर्माण सहजीकरण टोली र वडागत बजेट तर्जुमा समय सारिणी आदान प्रदान | २०७८/०१/१७ | योजना शाखा |
| ९ | वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण गरी पठाउने | २०७८/०१/२० देखि २/५ सम्म | वडा समिति |
| १० | वडास्तरबाट प्राप्त योजना र प्राथमिकताहरु विषय समितिमा पेश | २०७८/०२/६ गते | वडा समिति |
| ११ | विषयगत समितिमा छलफल | ०७८/०२/६ देखि ११ सम्म. | सदस्य-सचिव |

| | | | |
|---|---|---|---|
| १२ | विषयगत समितिबाट पारित भएका योजनाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल र प्रमुख समक्ष पेस गर्ने । | २०७८/०२/१३ देखि १९ | योजना शाखा |
| १३ | कार्यपालिकाको बैठकमा बजेट, योजना नीति तथा कार्यक्रम पेश | २०७८/०२/२१ | प्रमुख+उपप्रमुख |
| १४ | नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत । | २०७८/०२/२४ | नगर प्रमुख |
| १५ | कार्यपालिकाको बैठक र नगरसभाबाट आएका सुझावहरुमाथि छलफल र परिमार्जन । | २०७८/०२/२६ | |
| १६ | नगरसभामा बजेट पेश | २०७८/०२/२८ | उपप्रमुख |
| १७ | नगरसभाबाट बजेट स्वीकृत | २०७८/०३/०२ | नगर सभा |
| १८ | सर्वसाधारणको जानकारीका लागि प्रकाशन | २०७८/३/१५ मसान्त | योजना शाखा |
| १९ | बजेट कार्यान्वयन कार्ययोजना निर्माण र स्वीकृत | २०७८/३/१५ देखि २२ | प्रप्रअ |

निर्णय न. २.

- सन्धिखर्क नगरपालिकाबाट आ.व २०७७/०७८ मा बजेट विनियोजन भई हाल सम्म सम्झौता नभएका उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरु मिति २०७८/१/१५ गते भित्र सम्झौता गरी सक्ने।

निर्णय नं ३.

- चालु आ.व. का स्वीकृत हालसम्म भइ सम्झौता भइसकेका एवं तोकिएको समयावधिभित्र सम्झौता हुने तथा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरु २०७८ साल जेष्ठ मसान्तभित्र कार्यसम्पन्न गराइ भुक्तानी तथा फरफारक गर्ने।

निर्णय नं. ४.

- सन्धिखर्क नगरपालिकाको कार्यालयमा दर्ता भएका घ वर्गको इजाजतपत्रका लागि परेका निवेदनहरु बैठकमा पेस भएको सन्दर्भमा घ वर्गको इजाजतपत्र कार्यविधि २०७५ (पहिलो संशोधन) मा भएको व्यवस्था बमोजिम आवश्यक प्रक्रिया पुरा गरेका देहायका फर्महरुलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने।

तपशील

१. श्री पाण्डे कन्स्ट्रक्सन सन्धिखर्क- १
२. श्री ज्ञानसन कन्स्ट्रक्सन सन्धिखर्क -१
३. श्री युभान निर्माण सेवा सन्धिखर्क-४
४. श्री हिगल कन्स्ट्रक्सन कम्पनी प्रा.ली सन्धिखर्क-४
५. श्री शुभम् निर्माण सेवा सन्धिखर्क-८
६. श्री प्रशंसा कन्स्ट्रक्सन सन्धिखर्क-१२
७. विशाल निर्माण सेवा सन्धिखर्क-१

८. सक्षम कन्स्ट्रक्सन सन्धिखर्क-१

९. भेराईटी कन्स्ट्रक्सन एण्ड सप्लायर्स सन्धिखर्क-१

१०. जालकाँडा कन्स्ट्रक्सन प्रा.लि सन्धिखर्क-१

निर्णय नं ५.

- सन्धिखर्क नगरपालिकाबाट कुहिने र नकुहिने फोहर वर्गीकरण गरी संकलन गर्ने अभियान मिति २०७८/१/१ गतेका दिनबाट शुभारम्भ भइ सकेको सन्दर्भमा यस अभियानलाई प्रभावकारी रुपमा कार्यान्यिन गर्दै नगरपालिकामा पैदा हुने फोहरलाइ मोहोरमा रुपान्तरण गर्ने व्यवस्थापनलाई सिकाई केन्द्रको रुपमा विकास गर्न वडा समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- मिति २०७७/११/२९ गते देखि सञ्चालनमा आएको कर सहभागिता अभियानलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि आआफ्नो वडामा वडा समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

निर्णय नं ६.

- सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको कार्यान्वयन गर्नको लागि नियमानुसार वडा अनुगमन समिति गठन गरी सो समितिबाट कार्यान्वयन हुने आयोजना तथा श्रमिक छनौट गरी यथाशिघ्र नगरपालिकामा पेस गर्ने।

निर्णय नं ७ .

- भूमि व्यवस्था समस्या समानधान आयोग द्वारा प्रकासित आयोगको काम सँग सम्बन्धित ऐन नियमावली गठन आदेश र कार्यविधिहरुको सँगालोको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को दफा ४ को १ मा भएको व्यवस्था बमोजिम तथ्यांक संकलन एकाइ गठन गर्ने र सोही कार्यविधिको अनुसूची-१ मा भएको व्यवस्था बमोजिम जनशक्ति व्यवस्थापन गर्न नगरकार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने।

निर्णय नं ८.

- जनता कृष्ण मा.वि पकलेलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चालु आ.व. मा वास सुविधासहितको शौचालय निर्माणका लागि शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र सानोठिमि भक्तपुरबाट रु ७ लाख विनियोजन भएकोमा नमुना विद्यालयको स्वीकृत गुरुयोजना मुताबिक सो विद्यालयमा हालै शौचालय भवन निर्माण भइ सकेकोले अर्थ मन्त्रालयको मिति २०७६/०२/२० को परिपत्रको बुँदा नं १९ अनुसार उद्देश्यमा फरक नपर्ने गरी यस नगरपालिकाको स्वीकृत ड्रइङ डिजाइन र स्पेशिफिकेसन अनुसार विद्यालय भौतिक पूर्वाधार योजना अन्तर्गत मिति २०७८/१/२गतेको नगर शिक्षा समितिको सिफारिस बमोजिम विद्यालयको खेलमैदान निर्माण गर्ने योजनामा रुपान्तरण गर्ने।

निर्णय नं ९.

- मिति २०७८/१/२ गतेको नगर शिक्षा समितिको सिफारिस सहित पेस भएको नगरप्रमुख छात्रवृत्ति वितरण कार्यविधि २०७८ पेस भए बमोजिम स्वीकृत गर्ने।

निर्णय नं १०.

- लंका यातयात प्रा.लि को च.नं १२० मिति २०७७/१२/३० को इजातपत्र विषयक पत्रको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को ट को उपदफा (२) र दफा ६४ को (१) मा भएको अधिकार प्रयोग गरी सन्धिखर्क बजारदेखि रुव्दी विहार हुँदै वडा नं ९को टारीसम्म रुट कायम गरी निम्न नम्बरका अटो रिक्सा टेम्पो सञ्चालनका लागि इजाजतपत्र उपलब्ध गराउने।
    - लु १ ह ६६३
    - लु १ ह २६६९
    - लु१ह २९०५
    - लु १ ह २८२६

निर्णय नं ११.

- सन्धिखर्क नगरपालिका वडा नं २बनिवासी यस कार्यालयका पशु सेवा शाखामा कार्यरत प्राविधिक सहायक बुद्धिराम गौतमकी धर्मपत्नि फुलमाया गौतम क्यान्सर रोगबाट ग्रस्त भएको तथा निजको आर्थिक अवस्था कम्जोर भएको कारण जनाइ निज बुद्धि गौतमले यस कार्यालयमा निवेदन पेस गरेकोले निजकी पत्निको स्वास्थ्य उपचारका लागि रु ५००००।(अक्षरूपी पचास हजार) मात्र आर्थिक सहायता उपलब्ध गराउने।

निर्णय नं १२.

- मिति २०७७/१२/१ गतेका दिन बसेको कार्यपालिका बैठकको निर्णयहरू कार्यान्वयन सम्बन्धमा आजको बैठकमा समिक्षा गरियो ।

निर्णय नं १३.

- योजना तथा बजेट तर्जुमा सम्बन्धी १ दिवसीय तालिम सञ्चालन गर्ने ।

२०७८/१/०२

२०७८/१/२